आर्थिक वर्ष २०७८/०७९ को

# नीति, कार्यक्रम तथा बजेट

## खाँडाचक्र नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

मान्म, कालिकोट

कर्णाली प्रदेश, नेपाल

**सभा अध्यक्ष ज्यू,**

सर्वप्रथम म खाँडाचक्र नगरपालिकाको तर्फवाट हार्दिक अभिवादन एवं स्वागत गर्दछु । संघीय लोकतान्त्रीक गणतन्त्र नेपालको संविधानवाट स्थापित खाँडाचक्र नगरपालिकाका नागरिकको प्रतिनिधिमुलक गरिमामय नगरसभाको यस वैठकमा कोभिड -१९ को दोश्रो लहरको महामारीको विषम परिस्थितिमा पनि आगामी आर्थिक वर्ष २०७८/०७९ को नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्न खाँडाचक्र नगरपालिकाको उप प्रमुखको हैसियतले उपस्थित भएको छु ।

देशमा लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न तथा जनतालाई सार्वभौम एवं अधिकार सम्पन्न वनाउने महान अभियानमा सहादत प्राप्त गर्नु भएका सम्पूर्ण ज्ञात, अज्ञात शहीदहरु प्रति हार्दिक भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

मुलुकमा संघिय शासन व्यवस्था स्थापन भए प्रश्त्तता पहिलो जन निर्वाचित स्थानीय सरकारको हिसावले शुन्य अवस्थावाट सुरुवात गरिएको सवृद्ध खाँडाचक्र सुखारी खाँडाचक्र बासीको नारा तथा आकांक्षा पुरा गर्ने लक्ष्यका विचमा विश्वमा फैलिदै आएको कोभिड १९ को पहिलो तथा दोस्रो चरणको संर्कमणको चुनौतिसँग जुदै अगाडि वढी रहेको आम खाँडाचक्र नगर बासी नागरीकको सेवामा सक्रियतापुर्वक अगाडी वढी रहेको विषय यस सभा मार्फत जानकारी गराउदछु ।

**सभा अध्यक्ष महोदय,**

यस नगरपालिका भित्र थुप्रै अवसर र संभावनाहरु रहेका छन । सकारात्मक सोचका साथ अगाडी वढेर सुन्दर र समुन्नत नगरपालिका निर्माण गर्न सकिने धेरै सम्भाबनाहरुको बिचबाट खाँडाचक्र नगरपालिकाले भएका श्रोत साधनहरुलाई भरपुर उपभोग गर्दै संघीय सरकार, प्रदेश सरकार अन्य बिकास साझेदार निकायहरु संग समन्वय गरी नगरपालिका लिएको पंचवर्षिय रणनिती लक्ष्य पुरा गर्ने ठूला तथा मझौला आयोजना, योजना, परियोजनाहरुलाई योजनाबद्ध बिकास गर्न तपसिल वमोजिमका क्षेत्रहरुमा आ.व. २०७८/७९ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

## क.) आर्थिक विकास क्षेत्र

**कृषि क्षेत्र :**

१. खाँडाचक्र नगरपालिकामा खाद्य सुरक्षा तथा खाद्य सम्प्रभूताको मौलिक हकलाई कार्यान्वयन गर्न पहल कदमीकारुपमा यस बर्ष भित्र बाँझो जग्गा सदुपयोग गर्ने कार्य योजना तयार गरी व्यवसायीक खेती गर्ने कृषकलाई विउ तथा कृषि औजार उपकरणको खरिदमा अनुदान दिने व्यवस्था मिलाईने छ ।

२. खाँडाचक्र नगरपालिका क्षेत्र भित्र कृषि क्षेत्रमा लगानी गर्ने बैंक तथा वित्तीय संस्थाहरु रहेकाले यस नगरपालिकामा कृषि उद्यम सम्बन्धी परियोजनाहरु विकास गरी कृषिमा लगानी बढाउन बैंक तथा वित्तीय संस्थाहरुसँग अन्तरक्रिया गरिने व्यवस्था मिलाईने छ ।

३. कृषि उत्पादनका बजारीकरण तथा विकासका लागि ग्रामीण पूर्वाधार तथा कृषि सडकहरुको विकास गरी खाद्यान्न, तरकारी, फलफूल जस्ता कृषि उपज संकलन केन्द्रहरु सम्म पुर्‍याउने व्यवस्था मिलाइने छ । यस्ता बाटो नपुगेका ग्रामीण क्षेत्रहरुको कृषि उपजका बजार पहुँच बढाउन बाटो पुगेका स्थानमा निमार्ण भएका कृषि संकलन केन्द्रहरुलाई संचालनमा ल्याइने छ ।

४. खाँडाचक्र नगरपालिकाका भित्रका वास्तविक कृषकहरुको विधुतिय माध्यमवाट कृषक प्रमाण पत्र उपलव्ध गराउने कार्य संचालनमा ल्याइएको छ चालु आ.व. मा थप निरन्तरता दिइने छ ।

५. कृषि उत्पादक र उपभोक्ता बीच रहेका धेरै तहका मध्यस्तकर्ताहरुलाई घटाइ कृषि उत्पादनको बजार मूल्यको अधिकतम हिस्सा किसानसम्म पुर्‍याउन समुह सहकारी मार्फत **कृषि हाट वजारको** व्यवस्था मिलाईने छ ।

६. यस नगरपालिका भित्र फलफूल, तरकारी र उच्च मूल्यका कृषि वस्तुहरुको व्यवसायिक उत्पादन गर्न पकेट क्षेत्र घोषणा गरी किसानलाई मौरीपालन, च्याउ खेती, फलफूल व्यवसायमा आकर्षण गर्न प्रोत्साहन गरिनेछ ।

७. खाद्य तथा पोषण सुरक्षाका लागि **"एक घर एक करेसावारी"** स्थापना गर्न नगरवासीलाई आब्हान गरी यसका लागि स्थलगत तालीम दिने व्यवस्था मिलाईन छ ।

८. कृषि उत्पादनलाइ चाहिने मल, बीउ, बिषादी, औषधी, उपकरण र अन्य आवश्यक सेवाहरु समुदाय स्तरमा पुग्ने गरी व्यवस्था मिलाईने छ ।

९. यस नगरपालिकाले चालु आ.व.मा स्थापना गरिएको कृषि बिउ बैंकलाई अनुदान दिई जिल्ला भरमा आवश्यक पर्ने स्थानीय स्तरमा पाईनै रैथाने अन्न वालीहरु (मकै, कोदो, कागुनो, जुनेलो, फापर, चिनो) र प्राकृतिक प्रकोपवाट लोभ भएका अन्नवालीलाई संकलन र प्रर्वद्धनका लागी कृषकहरुलाई अनुदानको व्यवस्था मिलाईने छ ।

**पशु सेवा :**

१. खाँडाचक्र नगरपालिकामा गाई, भैसी, भेडा, बाख्रा उन्नत जातका लागि नश्ल सुधारका साथै कृत्रिम गर्भधान कार्याक्रमलाई निरन्ता दिइने छ ।
२. यस नगरपालिका भित्र भैसी व्यवसाय गर्ने फर्म तथा किसानहरुलाई **लागत साझेदारीमा भैसी प्रवर्द्धन कार्यक्रम** लाई निरन्ता दिदै प्रभावकारी वनाइने छ ।
३. यस खाँडाचक नगरपालिका भित्र वाख्रा पालन गर्ने कृषकहरुलाई **साना ब्यवसायी कृषि उत्पादन केन्द्र पकेट विकास कार्यक्रम** संचालन गरिने छ ।
४. दर्तावाला समुह/समितिलाइ विभिन्न तालिम, गोष्ठि सञ्चालन गरी नयाँ ज्ञान, सिप प्रबिधिको बिकास गर्दै कृषकहरुलाइ पशुपालन व्यवसायमा थप आकर्षण गराइने छ ।
५. नगरपालिका वजार भित्र निर्मित वधशालालाई थप ब्यवस्थित गरी संचालनमा ल्याईने छ ।
६. खाँडाचक्र नगरपालिकामा दर्ता भएका फर्म, समुह र सहकारीहरुलाई मागमा आधारीत व्यवसायीक प्रवर्द्धन कार्यक्रम संचालन गरिने छ ।

**पर्यटन विकास :**

१. प्राकृतिक, साँस्कृतिक, जैविक विविधता संरक्षण प्रवर्द्धन गर्दै खाँडाचक्र नगरपालिकालाइ रमणीय सुरक्षित गन्तव्य स्थानकारुपमा विकास गरिने छ ।
२. ऐतिहासिक कोटदरवार क्षेत्रमा **पार्क र वाल उद्यान केन्द्र** निर्माण गरी थप ब्यवस्थित गर्नका लागि आवश्यक बजेट को ब्यवस्था गरिएको छ ।
३. चुलिमालिका पंचदेवल मन्दिर, कोटदरवारलाई धार्मिक तथा ऐतिहासिक पर्यटन क्षेत्रकोरुपमा विकास गरी आन्तरीक तथा वाह्रय धार्मिक पर्यटकहरुलाइ भित्राउन आवश्यक पुर्वाधार विकास गर्ने ब्यवस्था मिलाईएको छ छ ।
४. विभिन्न पाटन क्षेत्र, स्थानीय धार्मिक स्थान, कर्णाली दोभान लगायतका थुप्रै पर्यटकीय क्षेत्रहरुको संरक्षण गरी चलचित्र पर्यटनकोरुपमा विकास गरिने छ ।
५. पिलिलाइ युद्ध पर्यटकीय क्षेत्रकोरुपमा थप विकास गरिने छ ।
६. थोरेमा रहेको प्राकृतिक नेपालको नक्साको संरक्षण गरी प्रचार प्रसार गर्न विशेष जोड दिइने छ ।
७. पर्यटन विशेष सुरक्षा नीति अवलम्वन गरिने छ ।
८. खाँडाचक्र नगरपालिका भित्रका होटेल तथा अन्य ब्यबसायीहरुलाई पर्यटक मैत्री सुचना प्रवाह पर्यटक आकर्षक गर्ने ब्यबस्था गर्न आबश्यक तालिम तथा स्तर बृद्धि गर्ने ब्यबस्था गरिने छ ।
९. लुवारेकोट पर्यटन पार्कलाई थप व्यवस्थीत गरिने छ ।
१०. कालिकोट जिल्लाकै प्रसिद्ध चुलिमालिका मन्दिरको मर्मत तथा जिउली र नैनीकाधमा धर्मशाला निर्माण गरि पर्यटकीय क्षेत्रको विस्तार गरिने छ ।
११. वडा नं. ६ मा रहेको तिसेली गुफालाई प्रचार प्रसार गरी पर्यटकीय क्षेत्रकोरुपमा विस्तार गरिने छ ।

**उद्योग वाणिज्य :**

१. नगरपालिका क्षेत्र भित्रका उद्यमी तथा व्यवसायीहरुलाइ प्रवर्द्न गरी छरिएका साना व्यवसायी एकिकृत तथा साना व्यवसायी उद्यम सञ्चालनमा सहयोग गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिने छ ।
२. यस नगरपालिकामा उपलब्ध जडिवुटिहरु प्रसोधन तथा प्रोसेसिङ्ग कार्य गर्न जडिवुटि उद्योग सञ्चालन गरी आन्तरिक आयमा बृद्धि गरिने छ ।
३. यस नगरपालिकाका वजार क्षेत्र तथा सडक छेउछाउका साना वजार, गाउघरमा रहेका होटल पसल तथा साना व्यवसायी दर्ता गर्न लगाई सुचिकृत गरिने छ ।
४. दर्ता भई सञ्चालनमा आएका व्यवसायीहरुलाई करका दायरामा ल्याई नगरपालिकाले लिएको आगामी वर्षको राजश्व संकलनको लक्ष्य पुरा गर्न कार्यविधि निर्माण गरी कडाईका साथ कार्यान्वयनमा ल्याइने नीति लिएको छ ।
५. नगरपालिका भित्रका वेरोजगार युवा युवत्तीका लागी नयाँ प्रविधि युक्त सिप विकास कार्यक्रम अर्न्तगत रोजगार सिर्जना गरिने छ ।
६. खाँडाचक नगरपालिका भित्र अति गरिव परिवारलाई लक्षित गरी साझा सुविधा केन्द्रको स्थापना गरि आवश्यक सेवा सुविधाको व्यवस्था गरिने छ ।

७. लघु तथा घरेलु उद्योग विकास संचालन गरिरहेको उद्यमीहरुलाई आवश्यकताको आधारमा सिपविकास तालिम तथा प्रविधि हस्तान्तरण गरिने छ।

८. स्थानीय श्रम,सिप तथा स्रोत साधनको अधिकतम परिचालन गर्दै दिगो औद्योगिक विकास कायम गर्न र लघु घरेलु तथा साना उद्योगहरुको प्रवर्द्धन गने लक्ष्य लिइएको छ।

**सहकारी :**

१. नगरपालिकाका क्षेत्रभित्र कार्यक्षेत्र वनाई सहकारी डिभिजन कार्यालयवाट हस्तान्तरण भएका सम्पुर्ण सहकारी संस्थालाइ थप व्यवस्थित गराईने छ।

२. सहकारी बिकास तथा प्रर्बद्धनात्मक कार्यक्रम बनाई कार्यक्रम कार्यान्वयन गर्नका लागि बजेट को व्यवस्था गरिएको छ।

३. गरिवी निवारणकोषवाट प्रवर्द्धित सामुदायिक संस्थाहरुमा रहेको घुम्ती कोषको रकमको लगत राख्ने र सो रकम मार्फत रोजगारी सृजना, आयआर्जन र उत्पादनमुलक कार्यमा परिचालन गर्न सामुदायिक संस्थाहरुलाई सहकारी प्रणालीमा रुपान्तरण गरिने छ।

४. सहकारीलाई आन्तरिक अर्थतन्त्रको महत्पूर्ण खम्बाको रुपमा काम गर्ने भएकाले एक नगर अनेकै उद्यममुखी सहकारी कार्यक्मलाई प्रोसाहन गरिने छ।

## ख.) सामाजिक विकास क्षेत्र

**शिक्षा :**

१. नेपाल सरकार आ.व. ०७८/७९ को नीति कार्यक्रम एवम वजेटमा वालविकास केन्द्रका वालविकास सहजकर्ताहरु र विद्यालय कर्मचारीहरुको न्युनतम पारीश्रमीक १५ हजार पुयाउने नीति वमोजिम यस नगरपालिका थप तलवको व्यवस्थाका गरिएको छ।

२. खाँडाचक्र नगरपालिका भित्रका सम्पुर्ण शैक्षिक संस्थाहरुमा शिक्षा सुधार योजना र शिक्षा सुधार रणनीति कार्यान्वयनमा ल्याईने छ।

३ .यस नगरपालिका भित्र रहेका सम्पुर्ण बाल बिकास केन्द्र, सामुदायिक बिद्यालयहरु बाल मैत्री, अपांग मैत्री वनाउनुका साथै विद्यार्थी संख्याको आधारमा पर्याप्त शैक्षिक सामाग्री, पुस्तकालय, छात्र/छात्रा शौचालय, खेल मैदान निर्माण, स्वच्छ खानेपानी तथा स्वच्छ वातावरण सृजना गर्न पहल गरिने छ।

४. यस नगरपालिका भित्रका सम्पुर्ण बिद्यालयहरुमा आर्थिक पारदर्शिता, सुशासन कायम गरी सर्वपक्षीय सुधार गर्न बिद्यालय सुधार योजना (SIP) निर्माण गरी कार्यान्वयन गर्न लगाईने छ। सो कार्य भए/नभएको नियमित अनुगमन गरिने छ।

५. बालबालिकाहरुका सर्बाङ्गिक बिकासका लागि बिद्यालय स्तरीय तथा अन्तर बिद्यालय स्तरीय अतिरिक्त क्रियाकलापहरु संचालन तथा बिद्यालय स्तरीय बाल क्लब गठन तथा पुनर्गठन र अभिभावक, शिक्षक, बिद्यार्थी बिच गुणस्तरीय शिक्षा सम्बन्धी बिभिन्न कार्यक्रमहरु संचालन गरिने छ।

६. यस नगरपालिका भित्रका सामुदायिक अध्ययन केन्द्रहरुलाई व्यवस्थितरुपमा सञ्चालन गरी सुचना केन्द्रकोरुपमा विकास गरिने छ।

७. शिक्षाको गुणस्तर वृद्धिका लागि शिक्षक तालिम, शैक्षिक सामग्री निर्माण, शिक्षक -अभिभावक, विधार्थी व्यबस्थापन समिति बिच अन्तरक्रिया भेला, अभिभावक भेला गरिने छ ।

८. यस नगरपालिका भित्र प्रारम्भिक बालबिकास ब्यबस्थापनलाई उच्च प्राथमिकता दिदै संचालित बालबिकास केन्द्रहरुलाई ब्यबस्थापन गर्न नगरपालिकावाट थप भएका बाल बिकास केन्द्रलाई ब्यवस्थित गरिने छ।

९. यस नगरपालिकामा संचालित केहि विद्यालयहरुलाई व्यवस्थित वनाउनका लागि प्रयोगमा ल्याईएको डिजिटल हाजिरीको प्रभावकारी अनुगमन गरिने छ।

१०. यस नगरपालिका भित्रका सवै विद्यालयहरुमा वृक्षारोपण गरी हरियाली पूर्ण विद्यालय निमार्ण गरिर्ने छ।

११. यस नगरपालिका भित्रका बिपन्न, दलित, टुहुरा, असहाय, द्वन्द्ध पिडित तथा जेहेन्दार छात्र/छात्राहरुका लागि नगर छात्रबृत्ति कोष मार्फत उच्च शिक्षा तथा प्राबिधिक शिक्षा तर्फ पठन पाठनका लागि छात्रबृत्तिको ब्यबस्था गरिने छ।

१२. विद्यालयमा पठन पाठनलाई व्यवस्थित वनाइ शिक्षकहरुको क्षमता पुनर्ताजगी गर्नको लागि तालिमको व्यवस्था गरिएको छ ।

१३. हालको विद्यमान कोभिड १९ वाट प्रभावित वालवालिकाहरुलाई रेडियो शिक्षा, समुदाय शिक्षक परिचालन शिक्षावाट वालवालिकालाई गृहकार्य, वैकल्पीक शिक्षण शिकाई क्रियाकलाप जस्ता कार्यक्रमवाट पठनपाठनको व्यवस्था मिलाईने छ ।

१४ यस नगरपालिका भित्र संचालित विद्यालयहरुको शिक्षक/विद्यार्थीहरुवाट उत्कृष्ठ पहिचान गरी पुरस्कारको व्यवस्था गरिने छ ।

१६. यस नगरपालीका भित्रका सबै बाल विकास केन्द्र, गुरुकुल विद्यालयहरु बाल, अपाङ्गता, लैंगिक रुपमा पहुँचयुक्त खानेपानी, सरसफाई तथा स्वच्छता सुविधाको सुनिश्चित गरि तीन तारे विद्यालयहरुको विकास बिस्तार तथा घोषणा गर्ने कार्य गरिने छ ।

**युवा तथा खेलकुद :**

१. यस नगरपालिका भित्रका वेरोजगार युवाहरुलाई प्रधानमन्त्री रोजगार कार्यक्रम, मुख्यमन्त्री रोजगार कार्यक्रम र नगरपालीकाका पूर्वाधार तर्फका योजनाहरुमा साझेदारी कार्यक्रम मार्फत रोजगार व्यवस्थापन सूचना प्रणालीमा दर्ता भएका वेरोजगार युवालाई रोजगारीको सृजना गरिने छ ।

२. यस नगरपालिका भित्रका युवाहरुलाई प्रबिधि बिकास, सिप बिकासमा विशेष जोड दिदै आबश्यक नीति, नियम र कार्यक्रम बनाई कार्यान्वियन गरिने छ ।

३. यस नगरपालिका भित्रका युवा उद्यमी तथा उद्योग संचालन गरी रोजगारी सृजना गरिने उद्योग तथा उद्यमीहरुलाई अनुदान तथा प्रोत्साहनको व्यबस्था मिलाईने छ ।

४. यस नगरपालिकामा खेलकूद कार्यबिधि निर्माण गरी नगर स्तरीय तथा वडा स्तरीय खेलकूद समिति गठन गरी परिचालन गरिने छ ।

५. यस नगरपालिकामा नगर स्तरीय खेलकूद मैदान निर्माण गर्ने तथा एक वडा एक खेल मैदान निर्माण गर्ने कार्यलाई विशेष जोड दिईने छ ।

६. नगर स्तरीय तथा जिल्ला स्तरिय संचालन हुने खेलकूद प्रतियोगिता तथा राष्ट्रपति रनिङ शिल्डलाई नियम संगत अनुशासित र मर्यादित बनाउदै प्रतिस्पर्धी खेलाडी उत्पादन गरी राष्ट्रिय खेलाडी उत्पादनमा बिशेष जोड दिईने छ ।

**खानेपानी तथा सरसफाइ :**

१. खानेपानी सरसफाई तथा स्वच्छता सम्बन्धी तथ्यांकहरुको नियमित अद्ययावधिक तथा व्यवस्थापन गर्ने । साथै खानेपानी,सरसफाई तथा स्वच्छता सेवा नपुगेका बस्तीहरुको पहिचान गरी प्राथमिकताका आधारमा सेवा सुनिश्चित गर्ने ।

२. खानेपानीको सतह तथा भुमिगत पानीको श्रोतहरुको जलाधार क्षेत्रलाई पानीका गुणस्तर र परिमाण कायम राख्न जलाधार क्षेत्रको संरक्षण एब सर्म्वद्धन गरी पानीको मुल परीक्षण गर्ने कार्यलाई उपभोक्ता समुहवाट निरन्तरता दिने व्यवस्था गरिने छ ।

३. खानेपानी, सरसफाइ तथा स्वच्छताका कृयाकलापहरुको समग्र अवस्थाको जानकारी अध्यावधिक गर्न एबं सुचनामा आधारीत योजना तर्जुमा निर्माण गर्नका लागि खानेपानी मन्त्रालय अन्तरगतको खानेपानी ढल व्यवस्था विभागले निर्माण गरेको ऐनवास मोवाइल एप्लिकेशन प्रयोग गरी नगरपालीकाको खानेपानी, सरसफाइ तथा स्वच्छताको आवधिक योजना निर्माण गर्ने र यथाशक्य चाँडो कार्यान्वयनमा ल्याउने ।

४. नगरपालीका भित्रका सबै स्वास्थ्य संस्थाहरुमा पहुँचयुक्त खानेपानी, सरसफाई तथा स्वच्छता सुविधाको निर्माण गरी सुरक्षित एबं पहुँचयुक्त स्वास्थ्य सेवाको उपलब्धताको बातावरण निर्माण गरिने छ ।

५. नगरपालीका भित्रका सबै बस्तिहरुमा फोहरको उचित व्यवस्थापन तथा विर्सजनका लागि जनचेतना अभिबृद्धिका साथै फोहर व्यवस्थापनको 3R रिडियुस, रियुज, रिसाइकलको नीति लाइ कार्यान्वयनमा ल्याउने छ ।

६. नगरपालीका भित्रका सबै सार्बजनीक स्थलहरुमा (मठ, मन्दिर,चर्च, गुम्बा, बजार क्षेत्र, तिर्थ स्थलहरु आदि स्थानहरु) व्यवस्थित खानेपानी, शौचालय र साबुनपानीले हात धुने सुबिधा निर्माण तथा व्यवस्थापन गरिने छ ।

७. खानेपानी तथा सरसफाई क्षेत्रको मर्मत, संभार तथा निर्माण गर्दा जलबायु तथा बिपद् उत्थानशिलता सम्बन्धी क्रियाकलापहरुलाई अनिवार्य रुपमा आत्मसाथ गरिने छ ।

८. सार्बजनिक यातायात तथा बस बिसौनी र अन्य सार्बजनिक क्षेत्रमा भएका सार्बजनिक शौचालय मर्मत गरी थप सार्वजनिक शौचालय निर्माण गरी संचालनमा ल्याईने छ ।

९. पानीका मुहान सरंक्षणका लागि मुहान वरिपरी बृक्षारोपण गरी वातावरण तथा जलबायु परिबर्तन र अनुकुलनका कार्यक्रमहरु संचालन गरिने छ ।

१०. ढल निकास तथा फोहोर पानीको व्यबस्थापन गरी कृषि योग्य भूमिहरुमा सिचाई हुने बाताबरणको सृजना गरिने छ ।

११. खाँडाचक्र नगरपालीका वडा नं ५ र ६ मा संचालित ढडार खानेपानी आयोजना आ.व २०७८।०७९ मा सम्पन्न गरि वडा नं १,२,३ र ४ मा संचालित चुलिमालिमा वृहत खानेपानी आयोजना निमार्ण कार्य तिव्रताका साथ गर्न लगाईने छ ।

११. नेपाल सरकारको एक घर एक धाराको नीतिलाई अवलम्वन गर्दै सुरक्षित खानेपानीयुक्त नगरपालिका निर्माणका लागि युनिसेफ नेपाल लगायत अन्य साझेदार दातृ संस्थाहरुसंग साझेदारी गरी सुरक्षित खानेपानी टोल घोषणा गर्ने कार्यक्रमलाई थप निरन्तरता दिईने छ ।

**स्वास्थ्य :**

१. कोभिड १९ महामारी तथा प्रकोपजन्य रोगहरुको समयमा व्यवस्थापन गर्न आवश्यकता अनुसार चेतनामुलक कार्यक्रमलाई निरन्तरता दिईने छ ।

२. कोभिड १९ को महामारीको अवस्थाको रोकथामका साथसाथै कुपोषण न्युनिकरणमा स्वच्छ पानी र जोखिमपुर्ण अवस्थामा हात धुने बानी तथा व्यवहारले ४३ प्रतिशत सम्म कुपोषण रोकथाम हुने हुदा वडा कार्यालय, स्वास्थ्य संस्था, विद्यालय र नगरपालिकामा साबुन पानीले हातधुने स्थानको व्यवस्था गरिने छ ।

३. नगर तथा जिल्लामा उपलब्ध जडीवुटीको व्यवस्थापन गर्न नगरस्तरीय आयुर्वेद औषधालयलाई थप व्यवस्थित गरी संचालन गरिने छ ।

४. स्वास्थ्य संस्थाहरुबाट दिईरहेका सेवाहरुलाई थप सुदृढ गर्दै प्रेषण प्रणालीलाइ व्यवस्थित गरिने छ ।

५. नगरपालिका भरिका विपन्न नागरिकहरुलाई स्वास्थ्य विमा दर्ता गर्नका लागि दर्ता शुल्कमा लाग्ने ५० प्रतिशत वजेटको व्यवस्था गरिएको छ ।

५. नगरपालिका स्तरीय स्वास्थ्य क्षेत्रको आवधिक योजना तयार गरी कार्यन्वयन गरिने छ ।

६. कोभिड १९ लगाएत अन्य महामारी लाई नियन्त्रण गर्न आवश्यक वजेट व्यावस्थापन गरिने छ ।

७. लामो समयमा काम गर्दै आइरहेका महिला स्वास्थ्य स्वयमसेविकालाई सम्मानजनक विदाई गरिने छ ।

८. स्वास्थ्य संस्था नभएका वडाहरुमा स्थापित आधारभुत स्वास्थ्य सेवा केन्द्रहरुलाई नियमति संचालनका लागि आवश्यक वजेट व्यावस्थापन गरिने छ ।

९. स्वास्थ्य सेवाको पँहुज भन्दा टाढा रहेका वस्तीहरुको सामुहिक नक्सान्कन गरी सुक्ष्म योजना तयार गरीने छ ।

१०. गर्भवती महिलालाई स्वास्थ्य स्थितिको जाँच तथा संस्थागत सुत्केरीको संस्थामा बृद्धि गर्न र मातृ तथा नव.शिसु मृत्युदरलाई घटाउन मेरो वावालाई चिठी र गर्भवती महिलाई निमन्त्रणा कार्ड वितरण गरिने छ ।

११. स्वास्थ्य संस्थामा आउने विरामीहरुको उपचारका लागि निशुल्क औषधी खरिद गरी उपलव्ध गरिने छ ।

१२. वढ्दो जलवायु परिवर्तनलाई न्यूनिकरण गर्न यस नगरपालिका भित्रका सवै घरधुरीमा सुधारीएको चुलो वितरण गरि प्रम्परागत चुलोमा हुने दाउराको खपत कम गर्नुका साथै वनजंगलको विनासलाई नियुनिकरण गरी महिला तथा वालवालिकाहरुमा धुवाबाट हुने असरहरुको कमी गरिने छ ।

**लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण :**

१. वन्चितीकरणमा परेका समुदायका किशोरीहरुको क्षमता विकास र आय आर्जनका क्रियाकलाप संचालन गरिने छ ।
२. खाँडाचक्र नगरपालिका भरिका दलित समुदायलाई समानुपातिक समावेशी तथा अर्थपुर्ण सहभागितामा पहुँज अविवृद्धि गरि दलित शसक्तिकरण ऐन मार्फत सेवामा पहुँज अविवृद्धि गरिने छ ।
३. यस नगरपालिका भित्रका द्वन्द प्रभावित टुहुरा, अनाथ, हराएका, वेवारिसे अवस्थामा फेला परेका, बाबु आमा वा संरक्षकबाट बन्चित भएका, यौन शोषण, यौन दूर्व्यवहार, बेचबिखनमा परेका, सडक आश्रित, कुनै दुर्घटना, मानव सिर्जित वा प्राकृतिक प्रकोप वा दैवी विपतमा परेका, विपन्न तथा जेहेन्दार वालवालिकाहरुको लागि सहयोग गर्न वाल संरक्षण कोष खडा गरी कार्यविधि वमोजिम संचालन गर्ने ब्यवस्था मिलाईएको छ ।
४. विभिन्न हिंशामा परेका महिला तथा वालवालिकाहरुलाई आवास सहितको निःशुल्क कानुनी प्रामर्श दिने व्यवस्था गरिने छ ।
५. घरेलु हिंसा, लैंगिक हिंसा, बालश्रम, जातिय बिभेद अन्त्य गर्नका लागि लक्षित बर्गको बजेटबाट बिशेष कार्यक्रम बनाई अभियानको रुपमा संचालन गरिने छ । साथै उक्त घोषणा गर्ने गाउँ टोल र वडाहरुलाई बिशेष पुरस्कारको ब्यबस्था गरिने छ ।
६. उमेर पुगी विवाह गर्ने दलित समुदायका युवा युवत्तीहरुलाई सम्मान कार्यक्रम सहित पुरस्कारको व्यवस्था गरिने छ ।
७. यस नगरपालिका भित्रका लक्षित वर्गहरु महिला, दलित, फरक क्षमता भएका, जेष्ठ नागरिक, वालवालिका लगायत अन्य समुहका लागि आयआर्जनमुलक कार्यक्रम संचालन गरी आत्म निर्भर वनाउन बजेट को ब्यवस्था गरिएको छ ।
८. यस नगरपालिकाका नागरिकहरुको सूचनाको हकलाई मध्यनजर गरी यस नगरपालिका तथा सवै विषयगत शाखाहरुको छुट्टा छुट्टै सूचना प्रशारण तथा रेडियो कार्यक्रम संचालन गरी सूचना प्रणालीलाई प्रभावकारी गराईने छ ।

**भाषा तथा साँस्कृतिक :**

१. परम्परागत ज्ञान सिप र कलाको संरक्षण प्रर्बद्धन र बिकास गरी नयाँ पुस्ताका लागि हस्तान्तरण गर्ने वातावरणको सृजना गरिने छ ।
२. स्थानीय श्रोत साधनबाट निर्माण गरिएका बस्तुहरुको बजारीकरण गर्न कोसेली घरको स्थापना गरिने छ ।
३. परम्परागत भाषा सस्कृतिको जगेर्ना गर्दै प्रंचार प्रसारमा बिषेश जोड दिईने छ ।
४. स्थानीय मौलिकतामा आधारित साँस्कृतिक संरक्षण बिकासका लागि नगरपालिकामा जिल्ला स्तरिय बृहत साँस्कृतिक कार्यक्रम संचालन गर्न पहल गरिने छ ।

## ग) पुर्वाधार विकास क्षेत्र

१. यस खाँडाचक्र नगरपालिकावाट हालसम्म सडक पुग्न नसकेका वडाकेन्द्रहरु मध्य वडा नं ११ वदालकोट, वडा नं ८,९ र १० को पिली पाखा सडक चालु आ.वमा पुऱ्याउने लक्ष्यका साथ विशेष वजेटको व्यवस्था गरिएको छ ।
२. यस नगरपालिका भित्रका निर्माण भई सकेका र निर्माणाधिन अबस्थामा रहेका सडकहरुको सडक स्तर कायम राख्न तथा नियमित मर्मत सम्भार गर्नका लागि सडक बोर्ड नेपाल तथा नगरपालिकाको साझेदारीमा नियमित मर्मत सम्भार कार्यलाई थप निरन्तरता दिइने छ ।
३. खाँडाचक्र नगरपालिका तथा सबै वडा कार्यालयहरुको आफ्नै भबन नभएकाले भौतिक संरचना निर्माणका लागी आवश्यक जग्गा उपलव्ध गराई निमार्ण कार्यको सुरुवात गरिने छ ।
४. यस नगरपालिकाको क्षेत्र भित्र नदी, गाड तथा खोलाहरुमा आबश्यकता अनुसार निमार्ण हुन वाकीं हेरी पक्की पुल, झो.पु., कल्भर्ट निर्माणका लागि प्राथमिकताका आधारमा निर्माण कार्य अघि वढाउने छ ।
५. यस नगरपालिका भित्रका विद्युत लाईन विस्तार हुन वाँकी वडाहरुमा आगामी आ.व. २०७८/०७९ मा विद्युतीय लाईन विस्तार तथा सुधार गरी वत्ति वाल्न पहल गरिने छ ।

६. यस खाँडाचक्र नगर सभावाट विधिवतरुपमा छनौट भई आएका तथा नगरपालिकाले आवश्यकता महशुस गरेका पुर्वाधार लगायत अन्य योजना तथा आयोजनाहरु संचालनका लागि विश्ववैंक, शहरी विकास मन्त्रालय, एएसडिपि कार्यक्रम लगायतका विकास साझेदार निकायहरुसंग समन्वय गरी योजना कार्यान्वयनका लागि विशेष पहल गरिने छ ।

## घ.) सुशासन तथा अन्तर सम्वन्धित

### विपद् व्यवस्थापन

१. यस नगरपालिका भित्रका सवै वडामा NCCSP 2 अन्तर्गत योजनाहरुको कार्यक्रमको उद्देश्य अनुरुप प्रभावकारी रुपमा संचाालन गरिने छ ।

२. यस नगरपालिका भित्रका स्वच्छ वातावरण कायम राख्न वजार व्यवस्थापन र फोहोर मैला व्यवस्थापनका लागि योजना निमार्ण गरि सरसफाइ कार्य लाई प्रभावकारीरुपमा कार्यान्वयन गरिने छ ।

३. यस नगरपालिका क्षेत्र भित्र आइपर्ने दैवि प्रकोप, वाढी पहिरो, आगलागी, घटना, दुर्घटनामा परेका पिडित घर परिवार तथा व्यक्तिलाई तत्काल उद्दार तथा राहत पुर्नस्थानाका लागि विपत व्यवस्थापन कोषको व्यवस्था गरिने छ ।

४. यस नगरपालिकाको सम्पुर्ण नाङ्गा डाँडापाखा, खाली जमिनमा वृक्षारोपण गरी हरियाली नगर वनाउन प्रत्येक वडामा कृषि तथा वन नर्सरी निर्माणका लागि आवश्यक कार्यक्रम वनाई कार्यान्वयन गरिने छ ।

५. यस नगरपालिका भित्रका सम्पुर्ण सामुदायिक वनहरुलाई सुचिकृत गरी दिगो वन ब्यबस्थापनको कार्यमा राम्रो काम गर्ने सामुदायिक वन उपभोक्ता समुहहरुलाई मापदण्ड निर्धारण गरी पुरस्कृत गर्ने ब्यबस्था मिलाईने छ ।

### मानव संसाधन विकास

१. मानव संसाधन विकासका लागि सम्पुर्ण पदाधिकारी, कर्मचारीहरुको क्षमता विकासका साथै थप ज्ञान, सीप र दक्षताका लागि तालिम गोष्ठी, अन्तरक्रिया, अध्ययन तथा अवलोकन भ्रमण जस्ता कार्यक्रमलाई निरन्तरता दिइने छ ।

२. यस नगरपालिकाको आ.व. २०७८/०७९ को विनियोजित नीति, कार्यक्रम तथा बजेट कार्यान्वयन गर्नका लागि वार्षिक/अर्ध वार्षिक/चौमासिक कार्ययोजना/कार्यतालिका निर्माण गरी कार्यान्वयन गरिने छ । सो कार्यतालिका वमोजिमका सम्पुर्ण भए गरेका काम कार्यको सार्वजनिक सुनुवाइ गरिने छ ।

३. कोभिड १९ लगायत अन्य नगरपालिकाको लक्ष्य बमोजिम नियमित कार्य सम्पादन मुल्याङकन गर्ने उत्कृष्ट कर्मचारी तथा पदाधिकारीलाइ पुरस्कृत गर्ने कार्यलाई निरन्तरता दिईने छ ।

४. यस नगरपालिका भित्रका विभिन्न वडाहरु तथा नगरपालीका राजश्व असुलि कार्यलाई व्यवस्थीत गर्न सफ्टवेयर प्रणाली जडानका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

**सभा अध्यक्ष महोदय,**

अव म आ.व. २०७७/७८ को आय ब्यय अनुमानको प्रगती विवरण पेश गर्न अनुमती चाहन्छु ।

नेपाल सरकारको अनुदान अन्तर्गत सरकारी वित्तिय हस्तान्तरण सशर्त अनुदान तर्फ रु. २३ करोड १७ लाख ५ हजार ८० रुपैया, वित्तिय समानीकरण अनुदान तर्फ रु. १२ करोड १ लाख, राजश्व वाडफाडवाट प्राप्त हुने ७ करोड ३५ लाख ४६ हजार २ सय, सामाजिक सुरक्षा तर्फ रु. ७ करोड ५६ लाख ७६ हजार ८ सय, समपुरक अनुदान तर्फ ३० लाख, विशेष अनुदान तर्फ ५० लाख, स्थानीय पुर्वाधार साझेदारी तर्फ रु. ४५ लाख, गरिवसंग विश्वेश्वर कार्यक्रम तर्फ रु. ५ लाख ४६ हजार, गरी जम्मा रु. ५१ करोड ४० लाख ७४ हजार ८० रुपैया प्राप्त हुने अनुमान भएको,

कर्णाली प्रदेश सरकारवाट समानीकरण अनुदान तर्फ ९८ लाख ९१ हजार, विशेष अनुदान तर्फ रु. ४५ लाख, सशर्त अनुदान तर्फ रु. ३० लाख, वैंक खाता छोरीको सुरक्षा जीवन भरीको लागि रु. २५ लाख ५७ हजार, समपुरक अनुदान तर्फ रु. १ करोड ५० लाख, राजश्व अनुमान तर्फ रु. ५ लाख १५ हजार, गत वर्षको मौज्दात रु. ५ करोड ९१ लाख २७ हजार ६ सय, मुख्यमन्त्री रोजगार कार्यक्रम तर्फ रु. ५ करोड ३४ लाख ५० हजार र आन्तरीक आय तर्फ रु. १ करोड अनुमान भएकोमा हाल सम्म संघीय सरकारवाट ७ करोड ३५ लाख ४६ हजार २ सय प्राप्त हुने अनुमान गरिएकोमा वैशाखको अन्तिम सम्म ५ करोड ३४ लाख ३ हजार ६ सय ७९ रुपैया प्राप्त भएको, कर्णाली प्रदेशवाट

राजश्व वाडफाडको रकम ४ लाख २३ हजार प्राप्त भएको साथै आन्तरीक राजश्व १ करोड अनुमान गरिएकोमा ४९ लाख २६ हजार ९ सय ३४ रुपैया संकलन भएको छ । चालु खर्च र पुजिगत खर्चमा सोचे अनुरुप प्रगती भईरहेको अवस्थामा कोभिड १९ दोश्रो लहरका कारण निषेधाज्ञा भई भुक्तानी प्रक्रियामा केही असहजता भए पनि हाल काम सम्पन्न भएका योजनाहरुको रकम भुक्तानी भईरहेकाले चालु र पुजिगत वजेट तर्फको आषाढ मसान्त सम्म ८५ प्रतिशत वित्तिय प्रगती हुने अनुमान गरिएको छ ।

गत आ.व. २०७६/०७७ मा वोलपत्र आब्हान भई लकडाउनका कारण काम नभई म्याद थप भएका योजनाहरु मध्ये अधिकांश योजनाहरुको भुक्तानी २०७८ आषाढ मसान्त सम्म हुने अनुमान गरिएको छ ।
अव म यस गरिमामय नगर सभामा आगामी आ.व. २०७८/७९ को आय र ब्ययको अनुमान प्रस्तुत गर्न चाहन्छु ।

**<u>आय तर्फ</u>**

क) नेपाल सरकारको अनुदान अन्तर्गत सरकारी वित्तिय हस्तान्तरण सशर्त अनुदान तर्फ रु. २२ करोड ३५ लाख, वित्तिय समानीकरण अनुदान तर्फ रु. १२ करोड ६० लाख, राजश्व वाडफाडवाट प्राप्त हुने रु ७ करोड ४० लाख ६४ हजार, समपुरक अनुदान तर्फ रु १ करोड ४३ लाख, विशेष अनुदान तर्फ रु २ करोड ६६ लाख, गरी जम्मा रु. ४६ करोड ४४ लाख ६४ हजार प्राप्त हुने अनुमान गरिएको छ ।

ख) कर्णाली प्रदेश सरकारवाट समानीकरण अनुदान तर्फ रु १ करोड ३९ लाख २ हजार, सशर्त अनुदान तर्फ रु. १ करोड ३२ लाख १६ हजार, समपुरक अनुदान तर्फ रु. १ करोड २० लाख, राजश्व अनुमान तर्फ रु. ८ लाख ६७ हजार २ सय ३० रुपैया गरी जम्मा रु. ३ करोड ९९ लाख ८५ हजार २ सय ३० रुपैया प्राप्त हुने अनुमान गरिएको छ ।

ग) आन्तरीक आय, वैंक मौज्दात, युनिसेफ नेपाल लगायत अन्य दातृ निकायहरुवाट समेत प्राप्त आन्तरीक आय ९ करोड ४९ लाख २० हजार प्राप्त हुने अनुमान गरिएको छ ।

यसरी संघीय सरकार, कर्णाली प्रदेश सरकार, आन्तरीक आय, विभिन्न दातृ निकाय गरी जम्मा आय रु. **५९ करोड ९३ लाख ६९ हजार २ सय ३० रुपैया** अनुमान गरेको छु ।

**<u>ब्यय तर्फ</u>**

आ.व. २०७८/०७९ मा नगरपालिका चालु खर्च अन्तर्गत रु. १० करोड ५० लाख ३१ हजार २ सय ३० रुपैया, सडक, पुल निर्माण लगायत अन्य पुर्वाधार तर्फ कुल नगर र वडागतरुप पुजिगतरुपमा रु. १४ करोड ४० लाख १ हजार, स्वास्थ्य क्षेत्र तर्फ रु. १ करोड ७ लाख ५० हजार, शिक्षा युवा तथा खेदकुद क्षेत्रमा रु. २ करोड ५८ लाख ११ हजार, कृषि क्षेत्र तर्फ रु. ५० लाख, पशु सेवा तर्फमा रु. ३० लाख, महिला, वालवालिका तथा लक्षित वर्गका लागि रु. २० लाख, वहुक्षेत्रीय पोषण तर्फ रु. १० लाख, शसर्त तर्फ रु. २२ करोड ३५ लाख, समपुरक तर्फ रु. २ करोड ६३ लाख, विशेष अनुदान तर्फ रु. २ करोड ६६ लाख र नगरपालिकाको क्रमागत योजना र अन्य दातृ निकायका कार्यक्रम र नगरपालिकाका अन्य कार्यक्रम तर्फ रु. २ करोड ६३ लाख ७६ हजार गरी कुल बजेट रु. **५९ करोड ९३ लाख ६९ हजार २ सय ३० रुपैया** खर्च हुने अनुमान गरेको छु । माथि उल्लेखित विनियोजित अनुमानित बजेट ले सम्पूर्ण विषयगत शाखा, वडागत पुर्वाधार लगायत अन्य विभिन्न विकास निर्माणका कार्य मार्फत खाडाँचक्र नगरपालिकाको विकास र सम्वृद्धीमा योगदान पुग्ने अपेक्षा गरेको छु ।

अन्तमा,

यस गरिमामय सभामा उपस्थित हुनु भएका सभाका सदस्य ज्युहरु, कर्मचारीहरु आमन्त्रीत महानुभावहरु तथा साझेदार सहभागितात्मक योजना तर्जुमा प्रकृयामा सहयोग पुऱ्याउनु हुने सम्पुर्णमा हार्दिक धन्यवाद व्यक्त गर्दछु । साथै प्रस्तावित नीति, कार्यक्रम तथा बजेटले नगरवासीको चाहाना र आवश्यकतालाई परिपुर्ति गर्न सफल हुनेछ भन्ने विश्वास राख्दै सफल कार्यान्वयनमा समेत यहाँहरुको रचनात्मक सुझाव सहित नीति, कार्यक्रम तथा बजेट यही अन्त्य भएको स्म्मानीत गरीमामय सभा समक्ष जानकारी गराउँदछु ।

धन्यवाद ।